स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव

# जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सलोन बस्नेतको अभिनयमा खोट दिने ठाउँ कमै भेटिन्छ । बाल्यकालदेखि नै अभिनयमा भिजेकाले उनी अनुभवी छन् । चलबुले स्वभावको चरित्रमा रुचाइएका उनलाई लिड हिरोभन्दा हिरोलाई साथ दिने भूमिका बढी फापेको छ । उनको प्रयास भने आफ्नै स्टारडमले फिल्म चलाउने छ । तर, उनको त्यो सपना पूरा हुन पाएको छैन । अब उनलाई फिल्म 'जय हो'बाट आशा छ । फिल्ममा नाम चलेका कलाकारहरुको जत्था भएपनि कथा सलोनमा नै केन्द्रित छ ।

**आजको विचार...**



आहा...
(दुई पेजमा)

रामबहादुर गरंजा (एसकुमार)

अभिनेता विपिन कार्कीलाई शीर्ष भूमिकामा लिएर फिल्म 'तेल भिसा' निर्माण हुने भएको छ । शंकर घिमिरेको निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्ममा विपिन अनुबन्धित भएका छन् । तिहारपछि नेपाल र अमेरिकामा छायांकन हुने जनाइएको फिल्ममा उनको दोहोरो भूमिका हुनेछ । सोसल-कमेडी ड्रामा जनरामा बन्न लागेको फिल्मले सुत्केरी स्याहार्न अभिभावकलाई अमेरिकामा बोलाइने प्रवृत्तिलाई कटाक्ष गर्नेछ । सोही प्रवृत्तिलाई व्यंग्य गर्दै 'तेल भिसा' नामाकरण गरिएको स्रोतले जनाएको छ ।



❐ वर्ष २९ ❐ अंक ९ ❐ २०८० साउन ९ गते मंगलबार 25 July 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा नयाँ पर्यटकीय गन्तव्यको खोजी

## हरेक शनिबार पदयात्रा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ८/पाल्पामा थुप्रै पर्यटकीय स्थलहरु रहेका छन् । कयौं पर्यटकीय स्थलहरुको पहिचान हुन सकेको छैन भने पहिचान भएकाहरुको उचित प्रचार-प्रसार हुन सकिरहेको छैन । विश्वभर फैलिएको कोरोना महामारीका कारण पाल्पासहित देशैभरको पर्यटन व्यवसाय सुस्ताएको छ । सुस्ताएको पाल्पाको पर्यटन व्यवसायीलाई व्यापक प्रचार-प्रसार गरी जुरमुर्राउने र नयाँ पर्यटकी गन्तव्यको खोजी गर्ने प्रयास थालिएको छ ।

जिल्लाका पर्यटन व्यवसायीको छाता संगठन नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाले पहिचान हुन नसकेकाहरु पर्यटकीय स्थलहरुको खोजी र पहिचान भएकाहरुको प्रचार-प्रसार गर्ने उद्देश्यले पाल्पामा पदयात्रा अभियान सञ्चालन गरेको छ । उसले तानसेन नगरपालिका, टुरिजम एक्सन कमिटी तानसेन र नाट्टा लुम्बिनी प्रदेशसँगको सहकार्यमा साउनको पहिलो शनिबारदेखि पदयात्रा सुरु गरेको हो । साउन भर हरेक शनिबार पदयात्रा हुनेछ । पदयात्रामा जिल्लाका सम्भाविभत नयाँ





पर्यटकीय स्थलहरुको खोजी गर्नुको साथै गन्तव्यका रुपमा पहिचान बनाईसकेकाहरुको प्रचार-प्रसार गरिने छ । कोरोना संक्रमणका कारण लामो समयदेखि तहसनहस भएको पर्यटन क्षेत्रमा नयाँ आशा जगाउन पदयात्रा अभियान सुरु गरिएको नाट्टा पाल्पाका अध्ययक्ष राजीव शाहाले बताए । उनले भने 'नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी गर्नु हाम्रो मुख्य उद्देश्य हो ।' पाल्पा पर्यटकीय सम्भावना बोकेको जिल्ला भएकाले यहाँका नयाँ पर्यकीय स्थलहरुको खोजी गर्न लागेको शाहले बताए । 'जिल्लामा पहिचान भएका र पहिचान हुन नसकेर ओझेलमा परेका धेरै नै पर्यटकीय स्थलहरु छन्, तर तिनको खोजी र उचित प्रचार-प्रसार हुन नसक्दा अझेलमा छन्, तिनीहरुको खोजी र प्रचार-प्रसार गर्न अभियान महत्वपूर्ण हुने विश्वास लिएको छु' नाट्टा पाल्पाका सल्लाहकार तथा तानसेन ६ का वडा अध्यक्ष सागरमान महर्जनले एनजेडीसँगको कुराकानीमा भने । उनले हेर्न लायक र घुम्न लायक थुप्रै पर्यटकीय स्थलहरु भए पनि तिनको खोजी गर्न नसकिएको बताए । 'आन्तरिक पर्यटकलाई देखाउने पर्यटकीय स्थलको सूचीमा नयाँ गन्तव्य हुनुपर्छ, पुरानै गन्तव्यले मात्रै अब पर्यटनको क्षेत्र उकास्न सकिँदैन' अध्यक्ष महर्जनले भने ।

### पहिलो पदयात्रा तानसेनदेखि थाम्केडाँडासम्म

साउनको पहिलो शनिबारदेखि पदयात्राको शुभारम्भ गरिएको छ । तानसेनको भगवती मन्दिरबाट सुरु गरिएको अभियानको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरेका हुन् । उनले तानसेनको पर्यटकीय क्षेत्रको विकासमा अभियानले महत्वपूर्ण भूमिका खेल्ने बताए । 'यहाँका आकर्षक गन्तव्यहरूको प्रचार हुन सकेको छैन,पोखरा जाने पर्यटकहरूले यहाँ रमाउन चाहन्छन्', नगरप्रमुख श्रेष्ठले भने ।

आन्तरिक तथा बाह्य पर्यटकलाई घुमाउन यहाँका गन्तव्यहरुको उचित प्रचार गरिनुपर्नेमा उनले जोड दिए । नगर प्रमुख श्रेष्ठले तानसेनको पर्यटन विकासका लागि नगर सरकारले आवश्यक सहयोग गर्ने समेत बताए । पदयात्रामा निस्किएको टोलीले चण्डीभञ्ज्याङमा सय वर्ष अघि बनेको सुरुङ्गको अवलोकन गरेको थियो । पाल्पाका तत्कालिन तैनाथवाला प्रताप शमसेरले तानसने बजारको खानेपानीको लागि उक्त सुरुङ्ग बनाउन लगाएका थिए । त्यहाँको अवलोकनपछि चण्डीभञ्ज्याङ माथिको चचिकोटको अवलोकन गरियो । जहाँ तत्कालीन राजाका पुजारी रतन पाँडेको गन्तव्य हो । त्यहाँबाट बौघापोखराथोकस्थित थाम्केडाँडामा पुगी मनोरम हिमश्रृंखलाको हेरिएको थियो । पदयात्रामा निस्किएको टोलीलाई बौघापोखराथोकमा भव्य स्वागत समेत गरिएको थियो । उनीहरुलाई तानसेन नगरपालिका १२ का वडा अध्यक्ष मेजर सिंह केसी, नेविसंघका नेता कृष्णबहादुर आले, क्याम्प फायर स्टेशनका सञ्चालन रामचन्द्र नेपाल लगायतले त्यहाँका पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराएका थिए । पदयात्रामा गेटअप पाल्पाका अध्यक्ष मनमोहन श्रेष्ठले सहजीकरण गरेका छन् । टोलीले यो महिनाको प्रत्येक शनिबार तानसेनसहित जिल्लाका सम्भावित पर्यटकीय स्थलहरुको पैदल यात्रा गर्ने छन् । प्रत्येक शनिबार नै एउटा -एउटा नयाँ गन्तव्यको खोजी गरिने नाट्टाका जिल्ला अध्यक्ष राजीव शाहले बताए ।

**सक्षिप्त समाचार**

## लुम्बिनी प्रदेशसभा बैठक आज

**पाल्पा,** साउन ८/लुम्बिनी प्रदेशसभाको बैंठक आज बस्दै छ । सोमबारका लागि आह्वान गरिएको बैठक आइतबार स्थगित गरिएको थियो । स्थगित गरिएको सो बैंठक मंगलबार दिउँसो १ बजेका लागि आह्वान गरिएको हो ।

काठमाडौंमा जारी सभामुख, उपसभामुखहरुको सम्मेलन एक दिन लम्बिएपछि सोमबारको बैठक आइतबार सूचना प्रकाशित गरी स्थगित गरिएको थियो । प्रदेश सभाको दोस्रो अधिवेशनको बिसौं बैंठक मंगलबार गरिने प्रदेश सभा सचिवालयले जनाएको छ । प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले एक सूचना जारी गर्दै सभामुखको निर्देशन अनुसार मंगलबार दिउँसो १ बजेका लागि बैंठक आह्वान गरिएको जानकारी गराएका छन् । स्वास्थ्य सम्बन्धी विधेयक सोमबारको बैठकमा छलफल गर्ने तयारी थियो । मंगलबारको बैठकमा सोही विधेयक माथिको छलफल अघि बढ्ने सम्भावना रहेको सचिवालयले जनाएको छ । यसअघिको बैठकमा निजामती कर्मचारी सम्बन्धी विधेयक र स्वास्थ्य संस्था संचालन, नवीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक पेस भएका थिए ।

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छत्रकोट पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा

**सरस्वती जिसी**

**गुल्मी,** साउन ८/जिल्लाको छत्रकोट गाउँपालिका पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा भएको छ । गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक सूचक तथा मापदणडहरु पुरा भएकाले पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा गरिएको हो ।

जिल्ला समन्वय समिति प्रमुख द्रोणबहादुर खत्रीले गाउँपालिकालाई पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा भएको प्रमाण पत्र हस्तान्तरण गरेका हुन् । प्रमाणपत्र हस्तान्तरण गर्दै प्रमुख अतिथी खत्रीले घोषणालाई दिगो बनाई राख्ने दिशामा ध्यान दिन पालिकालाई आग्रह गरे । उनले सामाजिक अभियान परिवर्तन गर्ने बहुआयामिक पोषणमैत्री कार्यक्रम भएकाले घोषणामा दिगो बनाउनु पर्नेमा जोड दिए । पूर्वाधार



विकासलाई मात्र विकास ठान्ने प्रवृत्तिबाट माथि उठ्दै सामाजिक विकासमा जोड दिने बेला आएको समेत प्रमुख खत्रीले बताए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेयले अभियानमा ऊर्जा दिने सबैप्रति आभार प्रकट गर्दै पोषणमैत्री स्वास्थ्य संस्थायुक्त पालिकाको घोषणालाई दिगो र निरन्तरताका लागि आफू सचेत र सक्रिय रहेको बताए । अध्यक्ष पाण्डेले स्वास्थ्यप्रति आफुहरु गम्भीर भएको भन्दै मानवीय र सामाजिक विकासमा आफुहरु लागिपरेको धारणा व्यक्त गरे । स्वास्थ्य कार्यालय गुल्मीका प्रमुख पशुपति आचार्यले छत्रकोट पोषणमैत्री स्वास्थ्य संस्थायुक्त घोषणा गर्ने जिल्लाको तेस्रो पालिका बनेको बताए । उनले पोषण सम्बन्धी सूचाङ्क पूरा भएकी भएनन् भनेर आफुहरुले अनुगमन गर्ने समेत बताए । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लचकदार मौद्रिक नीतिले जगाएको आशा

नेपाल राष्ट्र बैंकले आइतबार आर्थिक वर्ष २०८०/०८१ का लागि मौद्रिक नीति ल्याएको छ । सार्वजनिक गरिएको मौद्रिक नीतिले नीतिगत दरमा सामान्य लचकता अपनाएको छ । खास गरी मौद्रिक नीतिको मूल उद्देश्य बजेटले लिएको लक्ष्य तथा उद्देश्यलाई सघाउ पुऱ्याउँदै त्यसमा समाविष्ट कार्यक्रमहरूलाई सहजीकरण गर्नु हो । यस वर्षको मौद्रिक नीतिले आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुऱ्याउने र आर्थिक स्थायित्व कायम राख्ने अपेक्षा गरिएको छ । आर्थिक वृद्धि तथा रोजगारी सिर्जनामा पनि सहयोग पुऱ्याउने विश्वास गरिएको छ । आवासीय घर कर्जाको सीमा वृद्धि, ५० लाखभन्दा साना सेयर कर्जा, २५ लाखभन्दा साना हायर पर्चेज कर्जा र सूचीकृत घरजग्गा व्यवसायीबाट भएका घरजग्गा कर्जामा जोखिम भार घटाएर बजारको माग केही सम्बोधन गर्न खोजिएको छ । मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले ठूला कर्जा नियमनका लागि नीति बनाउने, कर्जाको अधिक केन्द्रीकरण कम गर्ने, मनपरी रूपमा कर्जा पुनर्तालिकीरण गर्न नदिने भनेको छ । यी व्यवस्थाले कर्जाको गुणस्तरमा सुधार हुनुका साथै वित्तीय स्रोतको दुरुपयोग रोक्ने आशा गर्न सकिन्छ ।

नीतिगत दर र निक्षेप संकलन दर घटाएर बैंकहरूलाई ब्याजदर सामान्य दरले घटाउन दबाब दिइएको छ । विद्युतीय मुद्रा जारी गर्ने कामलाई गति दिइएको छ । विदेश जानेलाई दिने सटही सुविधाको दर बढाइएको छ । यस्तै दर्जन बढी हेरफेरमार्फत ६.५ प्रतिशत मुद्रास्फीति र ६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने बजेटको लक्ष्य प्राप्त गर्न नीतिगत व्यवस्था गरिएको छ । यी व्यवस्थाले केहीमा कडाई केहीमा लचिलो बनेको देखिन्छ । चालू पूँजी कर्जा सम्बन्धी व्यवस्था पुनरवलोकन गर्ने नीति लिइएको छ । यसले निजीक्षेत्रको मागलाई सम्बोधन गर्ने अपेक्षा छ तर यसको पुनरवलोकन गर्दा बैंक तथा वित्तीय संस्थाको राय सुझावका आधारमा गरिने बताइएको छ । यसले गर्दा व्यवसायीले अपेक्षा गरेअनुसार निर्देशन आउने सम्भावना कमै देखिएको छ । यसले उल्टै राष्ट्र बैंकलाई तजबिजी अधिकार पो दिने हो कि भन्ने आंशका छ । तजबिजी अधिकारका कारण नै स्वार्थ समूहरूको सक्रियता बढ्ने र यसले अनेक समस्या निम्त्याउने हुन्छ । विगतमा गरेको कडाइलाई सामान्य रूपमा खुला गरेर भए पनि उदारता देखाइएको छ । तर, मौद्रिक नीति व्यवसायी, बैंकर र देशको समष्टिगत अर्थतन्त्रको पक्षमै छ । मौद्रिक नीति जे जस्तो भए पनि देशको अर्थतन्त्र माथि उकास्न राष्ट्र बैंकले कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन विशेष ध्यान दिन जरुरी देखिन्छ ।

### Opinion @ Social Network

सकेसम्म कसैले कसैको जज नगर्नु होला किनकी
तिमीले देखिरहेको जिन्दगी र उस्ले भोगिरहेको जिन्दगीमा धेरै फरक हुन सक्छ ।
(*अनिता थापा मगरको फेसबुक स्टाटस* https://www.facebook.com/anitathapa.magar.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आहा ! यस्ता पो जनप्रतिनिधि



रामबहादुर गरंजा (एसकुमार)

राष्ट्रदोहन र राज्यकोषको दुरुपयोग बढिरहेको वर्तमान अवस्थामा सरकारका मन्त्री र सांसदहरुलाई सरकारी बजेट सकेर सुविधा मोहको होडबाजी चलिरहेका छन् । यति सम्मकी काठमाडौंमा घर हुने नेता/सांसदले राज्यबाट पाइने घरभाडा रकममा मन थाम्न नसकेको खबर पनि सार्वजनिक भएको छ । स्वास्थ्य सुविधाको नाममा करोडौं रकम कुम्ल्याएका छन् र विदेश शयर गरेका छन् । हिजो भुकम्पपीडितका लागि आएका त्रिपाल दगुराउने र कोरोनाका बिरामीलाई ल्याएका औषधी, खोप र अक्सिजन समेत लुकाउने र आफन्तलाई बाडेका कुरा तपाई हामीले सुनेको र भोगेकै हो । स्थानीय तहको निर्वाचन भएपछि अधिकांश जनप्रतिनिधि महंगा गाडीमा डुल्न नपाएर झगडा गरेका छन् । आफ्नो तलब आफै निर्धारण गरेका छन् । अझ तलब थोरै भयो भन्ने आवाज पनि बेला-बेलामा सुनिन्छ । त्यतिमात्र नभएर आजभोली कर्मचारी जस्तो राज्यकोषबाट तलब सुविधा लिएर १० देखि ४ बजेसम्म औपचारिक कार्यक्रममा मात्र सिमित हुन थालेका छन् ।

अर्कोतिर देशमा केही संभावना र आशाका किरणहरु पलाएका छन् । प्रचण्ड सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सर्वोच्च उदालतले जोगाएका नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास, पशुपतिनाथको जलहरी र सुन तस्करी लगायतका काण्डमा मुछिएका ठूला माछालाई समातेर जेल कोच्ने काम गरेको छ । त्यस्तैगरी खोटाङमा जन्मिएका धरान उप-महानगरपालिकाका प्रमुख हर्कराज राई (साम्पाङ) र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) अहिले देश तथा विदेशमा चर्चामा छन् । सबैको मन मनमा र सामाजिक सञ्जालमा भाइरल भएका पात्र हुन् । साम्पाङ ब्रिटिश लाहुरेका छोरा हुन् र स्नातक पास गरेका छन् भने बालेन पेशाले इन्जिनियर हुन् । इन्जिनियरिङमा भारतबाट स्नातकोत्तर र युवापुस्तामा र्‍यापरको रुपमा परिचित छन् । वास्तवमा यिनिहरुले जनताको मन जितिरहेका छन् । केटाकेटी, युवा, प्रौढ र बूढासम्म सबैको मन-मनमा बस्न सफल आजका हिरोहरु हुन् । सबैको प्रिय मान्छे बनिरहेछन्, यि सेलीब्रेटीहरु । यिनलाई भनिन्छ, जनप्रतिनिधि वा जनताको असल प्रतिनिधि । वास्तवमै नमूना बनेर देखाइरहेका छन् । त्यसैले आगामी कार्यकालमा फेरि जनताले पक्कै खोज्ने छन् । आखिरमा मानिसले चाहे के गर्न सकिदैन ? सबै सम्भव रहेछ । मात्र काम गर्ने इच्छाशक्ति, तत्परता र कार्यान्वयन नै मुख्य कुरा रहेछ । हाम्रा असली नायक बनी उदाए र सबैको प्रशंसाको पात्र बनिरहेका छन् । मन्त्री, सांसदले गर्न नसकेका कामहरु संघीय सरकारलाई पनि चुनौती दिदै अगाडि बढिरहेका छन् । खाई-नखाई दिनरात जनताको पिरमर्कामा हाजिर छन्, उनिहरु । शायद स्वतन्त्र भएर पनि होला, स्वविवेकले काम गर्न पाएका छन् । पार्टीमा जस्तो नेता/कार्यकर्ताको अधिनमा बस्नुपरेको छैन । एकाध घटना बाहेक अन्य अवस्थामा अवरोध छैन । स्थानीय तहदेखि संघीय सरकारमा सुविधाभोगी जनप्रतिनिधि बढिरहेका बेला सुशासनमा केही प्रगति देखिएका छन् । इन्छाकामना गाउँपालिका ४, चितवनका वडा अध्यक्ष रुद्र प्रसाद गिरीले आफ्नो तलबभत्ता विपन्न परिवारको लागि स्वास्थ्य बीमा गरिदिएका छन् । पहिलो कार्यकालमा बाग्लुङको ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीले आफ्नै सवारी साधन प्रयोग गरेका थिए । नगरपालिकाबाट तलबभत्ता र इन्धन समेत नलिई जनताको काममा अहोरात्र खटेका थिए । गरिब र दिनदुःखीको सेवामा आफ्नो तलबभत्ता र निजी सम्पत्ति लगाउनु महान कार्य हो । त्यस्तै सर्लाही हरिवन नगरपालिकाका केही वडा अध्यक्षहरुले मोटरसाइकल किन्न दिएको पैसा विद्यालय, खानेपानी र स्वास्थ्यचौकी निर्माणमा खर्च गरेको पनि सुन्नमा आए । त्यस्तै गण्डकी प्रदेश सभा सदस्य विन्दु कुमार थापाले प्रदेश सभाबाट प्राप्त बैठक भत्ता, मासिक पारिश्रमिक एवं अन्य सुविधाबाट आएको रकम सामाजिक कार्यमा खर्च गरेको समाचार पनि हामी सुनेका थियौं । कटारी नगरपालिका उदयपुरका उप-प्रमुख भीम कुमारी राउतले नगरपालिकाले गाडी किन्न दिएको ४० लाख रुपैयाँ अस्पतालमा एम्बुलेन्स किन्न खर्चिनुभयो । छाँयानाथ रारा नगरपालिका ४, मुगुका अध्यक्ष बिष्णुकुमार भामले पनि आफ्नो तलब, बैठकभत्ता लगायतबाट आउने रकम वडाका दलित, बिपन्न, असहाय, टुहुरा नागरिकलाई आर्थिक सहयोग सँगै शौचालय निर्माण गरेका थिए । गैडाकोट नगरपालिका ९ नवलपुरका वडा अध्यक्ष धामनाथ शापकोटाले पनि तलबभत्ता वापत बुझेको सबै रकम मृगौला पीडित, किसान, मन्दिर निर्माण लगायत सामाजिक कार्यमा खर्चेका थिए । त्यस्तैगरि पहिलो कार्यकालमै झापा जिल्ला कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले कृषि र पशुपालनमा गाउँपालिकालाई चिनाएकी थिइन् । त्यतिमात्र नभएर यो पालिका बेरुजु कम रहेका देशभरका १० पालिकामध्ये चौथो नम्बरमा आएको थियो । चितवन भरतपुर महानगरपालिका प्रमुख रेणु दाहालले ६ सय १० किलोमिटर कालोपत्रे र ४ सय ५० किलोमिटर सडक ग्राभेल गरेकी थिइन् । भरतपुरमा देशकै सबैभन्दा लामो रिङरोड त्यस्तै अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, सिटीहल र मेट्रोप्लाजा लगायतका पूर्वाधार निर्माणाधिन छन् । भागेश्वर गाउँपालिका डढेल्धुराका अध्यक्ष कौशिला भट्टले छात्राहरुलाई निशुल्क प्याड उपलब्ध गराउन गाउँमै 'भेन्डिङ मेशिन' जडान गरेकी थिइन् । म्यादे गाउँपालिका तनहुका अध्यक्ष मायादेवी राना (आले) ले पालिकालाई सुन्तला र आलुमा आत्मनिर्भर बनाएकी थिइन् ।

कोही भने खलनायक बनी उदाए, करोडौं कुम्ल्याए र अझै कति कुम्लाउने हुन् यकिन छैन । जो जनताको रियल हिरो बन्न सकेनन् । बन्न पनि कहाँ सक्छन् र ? नेपालका पार्टीहरुले गतिला उम्मेदवार उठाउन कहिल्यै सकेनन् । वास्तविक राजनीतिकर्मी कहिल्यै प्रतिनिधि बन्ने अवसर पाएनन् । उहि दलाल, ठेकेदार, व्यापारी, उद्योगी, जमिन्दार, साहु, मालिक, एनजियोकर्मी, शिक्षक, प्रधानपञ्च लगायतका पात्रहरु नेताका रोजाईमा पर्छन् । चाहे त्यो भूइमान्छेको अधिकारको कुरा गर्ने कम्युनिष्ट पार्टी होस्, चाहे त्यो प्रजातन्त्र र लोकतन्त्रको वकालत गर्ने कांग्रेस होस् वा के-के जातिका कुरा गर्ने दल हुन् । जसको पार्टीमा कुनै लगानी र योगदान छैन उसलाई पार्टी, जनता र देशको के मतलब ? उनीहरुले आफ्नो व्यक्तिगत स्वार्थ बाहेक अरु केही देख्दैनन् । जसको पार्टीमा लगानी र योगदान हुन्छ नि उसलाई पार्टी, जनता र राष्ट्रको माया लाग्छ किनकी उसको पसिना र रगत बगेको छ । अहिलेका हाम्रा जनप्रतिनिधि त यस्ता भए, पार्टी भनेको के हो ? पार्टीको दर्शन के हो ? पार्टीले के-के एजेण्डा उठाएका छन् ? केही थाहा छैन । पार्टीको सिद्धान्त, कार्यनिती र रणनितीको वारेमा त झन के भनौ 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भनेझै छ । कठै बिचरा ! के थाहा हुनु ? माथिको निर्देशन अनुसार र अरुको इसारामा काम गर्नुपर्छ । त्यस्तैगरि राजनीतिकर्मी रहेछन् भनेपनि फरक स्कुलिङबाट आएका हुन्छन् । पार्टीको एजेण्डा र कामको तौर तरिका मिल्दैन फरक हुन्छ, कसरी काम गर्ने । जसको नीति उसको नेतृत्व भनेको त एकादेशको कथा जस्तै हो । अहिले केही जनप्रतिनिधिहरु दुधको साक्षी बिरालो र चोरलाई बैंकको चावी जिम्मा दिएको जस्तो भएको छ । यस्ता प्रतिनिधीले जनताको हित र भलोको लागि काम गर्छ भनेर कसरी पत्याउने ? अहिलेको चुनाव जुवा खेल जस्ता बनेका छन् र पार्टी भनेको जुवा खेलाउने घर क्याफे र वार जस्तै बनेका छन् । चुनावमा साहु ब्याज ऋण, धन र सहयोग गरेर लाखौ/करोडौ रुपैयाँको खोलो बगाउँछन् । 'पैसा फेको, तमासा देखो' नारा बाहेक उम्मेदवार जनप्रतिनिधीको अरु नारा र एजेण्डा केही हुँदैन । अनि यिनलाई देश, जनता र समाजको के माया लाग्छ र । पछि पैसा उठाउन कानूनी र गैह्रकानूनी सबै अस्त्र प्रयोग गर्छन् । अहिले जतातततै फोन उठेन, काम भएन भन्दने गुनासो छ तर गुनासो सुन्ने संस्कार छैन हाम्रा जनप्रतिनिधिका । राम्रा जनप्रतिनिधीको फोन उठ्दैन र उठाउने फुर्सद पनि छैन । पार्टीका नेतृत्व र जनप्रतिनिधिहरुले जनता, मतदाता, कार्यकर्ता र सुभचिन्तकलाई फोन गर्ने र भेटेर छलफल गर्ने टाढाको कुरा हो । बरु कार्यकर्ता र मतदाताले फोन गर्दा तनाव भएर ब्लगलिष्ट/ब्यस्ततामा नम्बर राख्ने अनि जिन्दगीभर आफ्ना पछाडी हिड्ने कार्यकर्ता, शुभचिन्तक र साथीहरु देखेर रिस उठ्छ । तथानाम सरापेर मन हलुङ्रुगो पार्छन् र अन्य दलका व्यक्तिहरुसँग माया प्रेम गास्छन् । जसरी हुन्छ, आफ्नो स्वार्थ पुर्ति गर्ने मनोविज्ञानका साथ अगाडि बढ्छन् । उसले आफु र आफ्नालाई मात्र सम्झेको हुन्छ । अरुबाट निर्देशित भएपनि त्यतिखेर ऊ आफूमा बढी केन्द्रित हुन पुग्छ । पहिला नोकर जस्तै बनेर आएका हुन्छन् पछि मालिकको रुप धारण गर्छन् । चुनाव भन्दा अगाडि कुकुर र बिरालोलाई पनि नमस्ते गर्ने ब्यक्ति पछि उसैलाई हजारपल्ट नमस्कार गर्दा फर्काउदैनन्, कसैलाई पनि चिन्दैनन्, पाउ मोल्नुपर्छ र जि हजुरी गर्नुपर्छ । कस्तो उल्टो परिस्थिति बन्छ यतिबेला सोच्नै सकिन्न । आलोचना गर्दा उल्टै रिसाउछन्, सर्पले जस्तै मनमा इख राखेर बस्छन् र दुस्मनलाई जस्तो व्यवहार गर्छन् । जितेर गएपछि त कसैलाई मान्छे गन्दैनन् । सिंहजस्तो बनी अरुलाई निरिह देख्छन् र पशुको जस्तो व्यबहार गर्छन् । चाहे त्यो वडा सदस्य नै किन नहोस् । अधिकांश जनप्रतिनिधिहरु डोजर मालिक, ठेकेदार, व्यापारी छन् । नभए तिनका आफन्तका छन् । ठेक्का पट्टामा खुल्ला प्रतिष्पर्धा हुनै पाउदैन । वडा पालिका र गाउँपालिकाको घेराबाट अन्यत्र जान पाउँदैन । केही नयाँ फरक खालका काम गरेर देखाउन सकेका छैनन् । खाली उही पुरानै कर्मकाण्डी काम गरेर दिन कटाईरहेका छन्, यस्ताबाट के आस गर्नु । अरुले पत्याओस् या नपत्याओस् मै जान्ने, मै सुन्ने र मै बुझ्ने क्या चाहियो । अरुलाई फोन गर्नु र सल्लाह, सुझाब लिनु त धेरै टाढाको कुरा हो । आफू अन्य ग्रहबाट आएको, देवताको रुपमा अवतार भएको र आकाशबाट झरेको जस्तो ठान्छन् । उनिहरुलाई पहिला कुनै पार्टीले टिकट दिएर उम्मेदवारी बनाएको थियो र पार्टीको सदस्य पनि थिए । तर जितेर गएपछि सबैको साझा प्रतिनिधी हो त्यसैले सोही अनुसार कसैलाई काखा कसैलाई पाखा नगरेर काम गर्नुपर्छ । कुनैपनि गुट-उपगुटको नभएर पार्टीको, पार्टीको मात्र नभएर सबैको साझा मान्छे बन्नुपर्छ । त्यसैको लागि सबैलाई फोन गर्ने, सबैसँग सुझाब सल्लाह लिने गऱ्यौं भने हामी सानो भइदैन बरु राजनीतिक उचाई बढ्छ र सामाजिक व्यक्तित्व बनिन्छ । सल्लाह, छलफल, अन्तरक्रिया र बहसले मानिसलाई निखार्दै र तिखार्दै लैजान्छ । पार्टीको नेतृत्व र जनप्रतिनिधि त सबैको आँखाको नानी जस्तै बन्नुपर्छ । ताकी आगामी दिनमा पार्टीमा मात्र नभएर अन्य दल र जनताबाट 'फेरि एकपटक' नारा घन्कियोस् ।

आहा ! फल्ना व्यक्तिले कस्तो राम्रो काम गरेको थियो भनेर सम्झन योग्य बन्नुपर्छ । अर्को कार्यकाल पनि उसैलाई भोट दिने हो भन्ने वातावरण बनाउनुपर्छ । जनतालाई दुनिया बदल्ने सपना देखाउनुपर्दैन । वर्षमा एउटा राम्रो काम जनताले देख्ने र महशुस गर्ने भए पुग्छ । जनतालाई सुनको महल र हिराको भऱ्याङ चाहिएको छैन । कसैको बाउको सम्पत्ति पनि मागेको होइन । आफ्नै रगत र पसिनाबाट राज्यलाई तिरेको कर पक्षपात नगरी सबै ठाउँमा आवश्यकताको आधारमा वितरण गरिदिए पुग्छ । कसैलाई सत्रु नसम्झेर मित्र ठानेर असल व्यवहार गरिदिए पुग्छ । मतदाता र जनता चाहन्छन् दु:ख देख्ने र बुझ्ने जनप्रतिनिधि, चाहे त्यो प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, पालिका प्रमुख होस् वा वडा अध्यक्ष । उनिहरुले स्थानीय माग र आवश्यकता अनुसार क्रियाकलाप गर्ने हो । जनताको मालिक होइन सेवक बनेर २४ सैं घन्टा सामाजिक कार्यमा खट्नुपर्छ । उक्त कार्य गर्न सकेको खण्डमा आफ्नो जिम्मेवारी र दायित्व पुरा हुन्छ र बल्ल असल जनप्रतिनिधि भन्न लायक बनिन्छ ।

***(लेखक हाल: लुम्बिनी प्रदेश, गृहमन्त्रालय दाङमा कार्यरत ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुखद् यात्राको योग छ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । | **तुला** : यात्रा गर्दा पनि सचेत हुनुपर्छ, तर कुनै कुराले मन खुसी हुन्छ । |
| **वृष** : नयाँ कार्य प्राप्तिको योग छ । काम गर्ने उत्साह र हौसला पनि मिल्नेछ । | **वृश्चिक** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । |
| **मिथुन** : झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । स्वास्थ्यमा धन खर्च हुनेछ । | **धनु** : समाजसेवा कार्यमा मन लाग्नेछ । रोजगारको अवसर पनि मिल्नेछ । |
| **कर्कट** : कामबाट दोहोरो लाभ मिल्न सक्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ। | **मकर** : काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला। |
| **सिंह** : दाम्पत्य सम्बन्ध बलियो हुनेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ । | **कुम्भ** : आम्दानीयुक्त काम सुचारु गर्न सकिनेछ । सफल यात्राको योग छ । |
| **कन्या** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ। चिताएको कामले तीव्रता लिनेछ । | **मीन** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । धर्म र कर्ममा मन लाग्नेछ । |

## गजा प्रविधि

# सोसल मिडियामा सक्रिय छ विश्वको आधाभन्दा धेरै जनसंख्या



विश्वमा इन्टरनेटको फैलावटसँगै सोसल मिडियाको क्रेज पनि बढिरहेको छ । पछिल्लो एक रिपोर्ट अनुसार विश्वको आधाभन्दा धेरै जनसंख्या सोसल मिडियामा सक्रिय छ । त्यसमध्ये अधिकांश मानिसले फेसबुक, ट्वीटर, इन्स्टाग्राम, टिकटकजस्ता सोसल मिडिया प्लाटफर्म प्रयोग गर्दछन् । Kepios को रिपोर्ट अनुसार यो जुलाईसम्ममा विश्वको कूल जनसंख्याको ६०.६ प्रतिशत मानिसहरुले विभिन्न खालका सोसल मिडियामा प्रयोग गर्ने गरेका छन् । गत वर्षको तुलनामा सोसल मिडिया प्रयोगकर्ताको संख्यामा ३.७ प्रतिशत बढोत्तरी भएको पनि रिपोर्टमा उल्लेख छ । यदि १८ वर्षमाथिको जनसंख्याको मात्र हिसाब गर्ने हो भने विश्वका ७८.८ प्रतिशत बालिग मानिसहरुले सोसल मिडिया चलाउने गर्दछन् ।

सो रिपोर्ट अनुसार विश्वमा सोसल मिडिया प्रयोगकर्ताको संख्या करीब ४ अर्ब ८८ करोड छ । त्यस्तै पछिल्लो एक वर्षमा थप १७ करोड ३० लाख मानिस सोसल मिडियामा जोडिएको पनि रिपोर्टले देखाएको छ । छिमेकी मुलुक भारतमा ५० करोड मानिस सोसल मिडियामा सक्रिय छन् । उता पूर्वी तथा मध्यअफ्रिकामा भने हरेक ११ जनामा एक जनाले सोसल मिडिया प्रयोग गर्दछन् । Kepios को रिपोर्ट अनुसार विश्वमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले औसतमा हरेक दिन २ घण्टा २६ मिनेट विभिन्न सामाजिक सञ्जालमै बिताउँछन् । यदि मानिस हरेक दिन ७ देखि ८ घण्टासम्म सुत्ने हिसाब गर्ने हो भने हामीले हरेक दिन आफू जागा रहँदाको समयको १५ प्रतिशत त फेसबुक लगायतका सोसल मिडिया चलाएरै बिताउने गरेका छौं । समग्रमा विश्वमा हरेक दिन १२ अर्ब घण्टाको समय सोसल मिडिया चलाएरै बित्ने गरेको छ । सोसल मिडियामा धेरै सक्रिय रहने हिसाबले ब्राजिल सबैभन्दा अगाडि छ । ब्राजिलमा मानिसहरुले हरेक २४ घण्टामा औसतमा ३ घण्टा ४९ मिनेट सोसल मिडियामा बिताउँछन् । उता जापानीहरु भने सोसल मिडियामा हरेक दिन १ घण्टा भन्दापनि कम समय मात्र व्यतित गर्दछन् । मानिसहरुले सोसल मिडियामा बिताउने समयमा उल्लेख्य वृद्धि भएको पनि रिपोर्टमा उल्लेख छ । रिपोर्ट अनुसार मानिसहरुले धेरै समय बिताउने शीर्ष सातवटा सोसल मिडियामा फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएपका साथै टिकटक, यसको चिनियाँ संस्करण डोइन र विच्याट रहेका छन् । विश्वका इन्टरनेट प्रयोगकर्तामध्ये ९३.९ प्रतिशतले कुनै न कुनै सोसल मिडिया चलाउने गरेको पनि तथ्यांकले देखाएको छ । सोसल मिडिया प्रयोगकर्तामध्ये महिलाको हिस्सा ४६.४ प्रतिशत र पुरुष ५३.६प्रतिशत रहेको पनि तथ्यांकले देखाएको छ ।

**सोसल मिडियाको इतिहास**

विश्वको सबैभन्दा पहिलो सोसल मिडिया प्लाटफर्म सिक्स डिग्री हो, जुन सन् १९९७ मा सार्वजनिक भएको थियो । एन्ड्र्यू वेनरिचले उक्त प्लाटफर्म स्थापना गरेका थिए । सन् २००१ मा यो प्लाटफर्मका प्रयोगकर्ताको संख्या १० लाख भन्दा धेरै थियो । तर सोही वर्ष उक्त साइटलाई बन्द गरियो । पछिल्लो पटक ट्वीटरलाई टक्कर दिनका लागि मेटा कम्पनीले ल्याएको सोसल मिडिया एप थ्रेड्स सर्वाधिक चर्चामा छ । यो एपले पहिलो पाँच दिनमै १० करोड प्रयोगकर्ता पुग्ने पहिलो एप बन्दै इतिहास रचेको छ । गत जुलाई ५ मा विभिन्न १ सय देशमा थ्रेड्स लञ्च भएको थियो ।

*-अनलाइन खबर डटकम*

# वित्तीय उद्योगले मेसेजिंग एपहरूको प्रयोग कसरी गर्न सक्छ ?

अहिलेको द्रुत गतिको डिजिटल युगमा, मेसेजिंग एपहरू हाम्रो दैनिक सञ्चारका अभिन्न अंग बनेका छन् । सञ्चार च्यानलहरूमा भएको यो परिवर्तनलाई वित्तीय उद्योगले बेवास्ता गरेको छैन - धेरै बैंक तथा वित्तीय संस्थाहरूले च्याट एपहरूको सम्भावनालाई ग्राहकहरूसँग जोडिन र नवीन सेवाहरू प्रदान गर्न अँगालेका छन् । एक दशक पहिले, तपाईंको बैंकबाट इमोजी भएको सन्देश प्राप्त गर्ने सोच धेरै टाढाको जस्तो देखिन्थ्योह यद्यपि, हामी वित्तीय संस्थाहरूले आफ्ना ग्राहकहरूसँग अन्तरक्रिया गर्ने तरिकामा आएको अविश्वसनीय विकासको साक्षी बनिरहेका छौं । मेसेजिंग एपहरूले गति लिँइरहँदा, वित्तीय क्षेत्रले ग्राहकहरूलाई थप व्यक्तिगत, सुविधाजनक र प्रभावकारी अनुभव प्रदान गर्ने रचनात्मक तरिकाहरू खोजिरहेको छ । तत्काल ग्राहक सहायता उपलब्ध गराउनदेखि लेनदेन सुव्यवस्थित गर्नका लागि मेसेजिंग एपहरू बैंक तथा अन्य वित्तीय सेवाहरूका लागि अमूल्य औजार बनेका छन् ।

यी संस्थाहरूले इमोजी, जिफ, र आकर्षक सामाग्रीको संसारमा प्रवेश गर्दा आफ्नो ब्राण्डको छवि ग्राहकहरूको आशा र विश्वसनीयतासँग पंक्तिबद्ध रहने सुनिश्चित हुने लाइनमा हिंड्नु पर्छ । आउनुहोस्, वित्तीय उद्योग र त्यसभन्दा बाहिर मेसेजिंग एपहरुको रुपान्तरणका बारेमा चर्चा गरौं र व्यापार र उपभोक्ताका अगाडी यसले ल्याउने अवसर र चुनौतीहरुका बारेमा केहि प्रकाश पारौं ।

**मेसेजिंग एपहरूमा बैंकिङ: वित्तमा भरपर्दो छविसँग सुरुचिपूर्ण सामाग्रीको संयोजन**

मेसेजिंग एपहरू वित्तीय संसारका लागि महत्त्वपूर्ण भएका छन् किनभने तिनीहरू प्रयोग गर्न सजिला र छिटो छन् । लगभग ५८% मानिसहरुले यी एपहरू व्यवसायहरूसँग कुरा गर्ने सबैभन्दा छिटो तरिका हो भन्ने सोच्छन् । खाता अद्यावधिकहरू पठाउन, ग्राहक सेवा प्रदान गर्न, र नयाँ उत्पादन र सेवाहरू प्रवर्द्धन गर्न यी एपहरूलाई पहिले नै धेरै वित्तीय संस्थाहरूले अपनाएका छन् ।

**टेक्स्ट, मल्टिमिडिया, र च्याटबटहरू - वित्तीय उद्योगमा मेसेजिंग एपहरूको गतिशील रूपान्तरण**

हालका वर्षमा, बैंकहरूले ग्राहकसँग सम्पर्कमा रहन आधारभूत माध्यमको रूपमा टेक्स्टिङमा सफलतापूर्वक रुपान्तरण गरेका छन् । सन्देशले आजको द्रुत-गतिको संसारका प्राथमिकताहरू पूरा गर्दै सञ्चार गर्नको लागि सुविधाजनक र प्रभावकारी तरिका प्रदान गर्दछ । यस परिवर्तनको पछाडि प्रमुख ड्राइभिङ फोर्सहरूमध्ये एक तथ्य यो हो कि ७५% युवाहरुले सन्देशहरू रुचाउँछन् । यस प्रवृतिलाई पहिचान गर्दै, बैंकहरूले यससँग पङ्क्तिबद्ध गर्न र थप अनुकूलित अनुभव प्रदान गर्न आफ्ना सञ्चार रणनीतिहरू बनाएका छन् । व्यक्तिगत भ्रमणबाट सन्देशहरूमा: भाइबरजस्ता च्याट एपहरूको व्यापक स्वीकार्यताबाट अब सचेतना र रूपान्तरणदेखि लिएर समर्थन प्रदान गर्ने, वफादारी सुनिश्चित गर्ने लगायतका वृहत् अनुभवहरु सन्देश पठाउने प्लेटफर्महरू मार्फत गर्न सम्भव भएको छ । यो दृष्टिकोणले प्रतिक्रिया र रूपान्तरणका दरहरू बढाउन मात्र मद्दत गर्दैन, बैंक र तिनीहरूका ग्राहक दुवैलाई विशिष्ट अनुभव प्रदान गर्दछ ।

**रिच-मिडिया व्यापार सन्देशहरू मार्फत् ग्राहक संचार बढाउँदै: भाइबरको सौजन्यमा**

मल्टिमिडिया सामग्रीमा ट्रान्जिसन: आजका उन्नत एपहरूले बैंकहरूलाई मानिसहरूसँग पुग्न र सञ्चार गर्न रिच मल्टिमिडिया सामाग्री प्रयोग गर्न सक्षम बनाउँछन् । उदाहरणका लागि, भाइबरमा ब्राण्डहरूले ब्राण्डेड लेन्सहरू सिर्जना गर्छन्, बिजनेस सन्देशहरूमा इमेज, फाइल र भिडियोहरू शेयर गर्छन्, च्याटबटहरूमा स्टिकर र क्यारोसेलहरू पठाउँछन्, र यस्तै अन्य धेरै कुराहरु हुन्छन् । यी क्षमताहरूले प्रभावकारी रूपमा जागरूकता निर्माण गर्न, ग्राहकहरूसँग जोडिन र बैंकका उत्पादन र सेवाहरूमा उनीहरूको रुचि कायम राख्न मद्दत गर्दछ । थप रूपमा, इन्फोग्राफिक्स र भिडियोजस्ता आकर्षक र जानकारीमूलक स्रोतहरू साझेदारी गर्नाले ग्राहकको अनुभवलाई अझ बढाउँछ र बहुमूल्य जानकारी प्रदान गर्दछ ।


**च्याटबटहरूको उपयोग :** बैंकहरूले च्याटबटहरूको उपयोगबाट फाइदा गरेका छन् किनकि यिनीहरूले चौबिसै घण्टा सहायता प्रदान गर्छन् र परम्परागत इमेलभन्दा कुशल छन् । आजका ग्राहकहरूले व्यवसायहरूसँग व्यक्तिगत र समयमै अन्तरक्रियाको अपेक्षा गर्छन् । च्याटबटहरूले सही जानकारी, छोटो समयमा प्रतिक्रिया, झन्झट-मुक्त समर्थन र स्वयम् सेवाका विकल्पहरू प्रदान गरेर यी अपेक्षाहरू पूरा गर्दछन् । च्याटबोटहरूको साथमा बैंकहरूले लाइभ सपोर्ट एजेन्टहरूलाई थप जटिल प्रश्नहरूको सामना गर्न छोडेर आफ्ना सेवामा सन्तुष्टि, वफादारी र समग्र विश्वास बढाउन सक्छन् ।

**मेसेजिंग युगलाई अँगाल्दै**

आजको निरन्तर परिवर्तनशील संसारमा मेसेजिंग एपहरू प्रयोग गर्ने बैंक र वित्तीय संस्थाहरू अगाडि रहन र उद्योगका नेता बन्न सक्छन् । च्याट एपहरूले सञ्चारलाई सजिलो बनाउँछ, ग्राहकमा ध्यान केन्द्रित गर्दछ, र विश्वास र वफादारीमा सुधार गर्दछ । वित्तीय उद्योगको सञ्चार रणनीतिमा मेसेजिंग एपहरू समावेश गर्नु अब लक्जरी होइन बरु बढ्दो डिजिटल संसारमा फस्टाउनको लागि यो आवश्यक छ ।

*-डिसी नेपाल डटकम*

# सिधैँ चन्द्रमामा किन जान सक्दैन भारतको चन्द्रयान-३ ? बारम्बार किन घुमिरहन्छ ?




चन्द्रमा अगाडि नै देखिन्छ । तर धर्तीबाट यसको दुरी ३.८४ लाख किलोमिटर छ । यो दुरी चार दिनमा पूरा हुनसक्छ । धेरै लागे हप्ता दिन । तर भारतको चन्द्रयान-३ लाई सिधै किन चन्द्रमा पठाइएन । यसलाई किन धर्तीको वरिपरि चक्कर लगाउनका लागि छोडिएको छ ? नासाले आफ्नो यानलाई चार दिन वा हप्ता दिनभित्र चन्द्रमामा पुर्‍याउँछ । इसरोले किन यस्तो गर्दैन ? किन चार दिनको साटो ४०-४२ दिन लिन्छ ? यसको पछाडि कुनै विशेष कारण छ ? भारतीय सञ्चार माध्यमका अनुसार यसका दुई कारण छन् । पहिलो कारण- धर्तीलाई चारैतिर घुमाएर अन्तरिक्षयानलाई अन्तरिक्ष पठाउने प्रक्रिया सस्तो हुन्छ । नासाको तुलनामा इसरोको अभियान सस्तो हुन्छ । किफायती हुन्छ । इसरोसँग नासाको जस्तो ठुलठुला र शक्तिशाली रकेट छैनन् जसलाई सिधै चन्द्रमाको कक्षमा पुर्याउन सकियोस् । यस्तो रकेट बनाउनका लागि खर्बौं खर्च हुन्छ ।

**सस्तो हुन्छ इसरोको अभियान**

चीनले सन् २०१० मा चांगई-२ मिसन चन्द्रमामा पठाएको थियो । यो चार दिनमा चन्द्रमामा पुगेको थियो । चांगई-३ पनि पुगेको थियो । सोभियत सैको पहिलो लुनर मिसन लुना-१ ३६ घण्टामा चन्द्रमा नजिक पुगेको थियो । अमेरिकाको अपोलो-११ कमान्ड मोड्युल कोलम्बिया पनि तीन अन्तरिक्ष यात्री लिएर लगभग चार दिनमा चन्द्रमामा पुगेको थियो । चीन, अमेरिका र सोभियत सैले यी अभियानका लागि ठुलो रकेट प्रयोग गरेका थिए । चीनले चाङ झेङ थ्रीसी रकेट प्रयोग गरेको थियो । यो अभियानको लागत १०२६ करोड भारु थियो । स्पेसएक्सको फाल्कन-९ रकेटको लञ्चिङको मूल्य ५५० करोडदेखि १००० करोडसम्म हुन्छ । जबकि इसरोको रकेटको लञ्चिङ मूल्य १५० देखि ४५० करोड हुन्छ । अन्तरिक्षयानमा इन्धनको मात्रा सीमित हुन्छ । यसको प्रयोग लामो समयसम्म गर्नुपर्ने हुन्छ । त्यसैले पनि यसलाई सिधै कुनै अन्य ग्रहमा पठाउन यसबारे पनि सोच्नुपर्ने हुन्छ । त्यसैले धर्तीको चारैतिर घुमाउँदै कम इन्धन प्रयोग गरेर यानलाई अघि बढाइन्छ ।

**धर्तीको गति र गुरुत्वाकर्षणको फाइदा उठाउँछ रकेट**

रकेटलाई अन्तरिक्षमा पठाउनका लागि यसलाई धर्तीको गति र गुरुत्वाकर्षणको लाभ दिइन्छ । यसलाई यसरी बुझ्न सकिन्छ । तपाईं बसबाट उत्रिने बेला यसको गतिको दिशाबाट ओर्लनुहुन्छ । यस्तो गर्दा तपाईं लड्ने सम्भावना ५० प्रतिशत कम हुन्छ । यसै गरी यदि तपाईंले सिधैँ रकेटलाई अन्तरिक्षतिर पठाउनुहुन्छ भने तपाईंलाई धर्तीको गुरुत्वाकर्षणले तीव्र रूपमा तान्नेछ । धर्तीको दिशामा त्यसको गतिसँग तालमेल मिलाएर चारैतिर चक्कर लगाउँदा ग्राभिटी पुल कम हुन्छ । यस्तोमा रकेट वा अन्तरिक्ष यान धर्तीमा खस्ने खतरा कम हुन्छ । धर्ती आफ्नो अक्षमा लगभग १६०० किलोमिटर प्रति घण्टाको गतिमा घुम्छ । यसको फाइदा रकेट वा अन्तरिक्ष यानले पाउँछ । यो पृथ्वीको चारैतिर घुम्दै बारम्बार अर्बिट म्यानुभरिङ गर्छ अर्थात् आफ्नो कक्ष फेर्छ । कक्ष परिवर्तन गर्न समय लाग्छ । त्यसैले चन्द्रयान-३ लाई चन्द्रमामा पुग्न ४२ दिनको समय लाग्छ । किनभने यसले पृथ्वीलाई पाँच चक्कर लगाउनुपर्छ । त्यसपछि लामो दुरीको लुनर ट्रान्जिट अर्बिटमा यात्रा गर्नुपर्नेछ । त्यसपछि यसले चन्द्रमाको चारैतिरको कक्ष फेर्नेछ ।

*-रातोपाटी डटकम*

# युरोपेली आयुक्तले टिकटकका सीईओलाई फोन गरेर दिए चेतावनी




डिजिटल बजारको रेखदेख गरिरहेका युरोपेली आयुक्तले भिडियो सेयर गर्नका लागि प्रसिद्ध चिनियाँ सञ्जाल टिकटकलाई यूरोपेली संघ (ईयू)को नयाँ मापदण्ड अपनाउने कामलाई तीव्रता दिन आग्रह गरेका छन् । पारदर्शिता, तथ्याङ्क गोपनीयता, बाल संरक्षण, भ्रामक सूचना र घृणास्पद भाषणसम्बन्धी कडा नयाँ युरोपेली नियमहरू अर्को महिनाबाट लागू हुनेछन् र विशाल इन्टरनेट सेवा प्रदायकहरू यसको पालना गर्न दौडिरहेका छन् । टिकटकले डब्लिनस्थित युरोपियन हेडक्वार्टरमा आफ्नो सिस्टममा 'स्ट्रेस टेस्ट' गरेको थियो । यसले 'ईयू डिजिटल सर्भिसेज एक्ट'को पालना गर्न सकिन्छ कि सकिँदैन भनेर अध्ययन गरिरहेको छ ।

त्यसपछि युरोपेली आयुक्त थियरी ब्रेटनले टिकटकका प्रमुख कार्यकारी अधिकृत शो जी च्यूलाई फोन गरेर चेतावनीको स्वरमा भने, "अब पूर्ण रूपमा पालना गर्ने समय आएको छ ।" गत जुनमहिनामा बेलायतले अमेरिकी प्लेटफर्म ट्वीटरलाई पनि यस्तै सन्देश पठाएको थियो । उसले यस्तै तनाव परीक्षण गरेको थियो, जुन शंकास्पद सामग्रीलाई मध्यम गर्ने आफ्नै क्षमता जाँच गर्न डिजाइन गरिएको थियो । 'ईयू डिजिटल सर्भिसेज एक्ट' ले नोभेम्बरमा कानूनी रूप पाएको थियो । अमेजन, एप्पल, गुगल, मेटा र माइक्रोसफ्ट जस्ता वेबका १९ ठूला कम्पनीहरूलाई कानुनी दायरामा आउन अगस्ट २५ सम्म समय दिइएको छ ।

*-हाम्राकुरा डटकम*

# तानसेनका औषधि पसलमा अनुगमन

## नियमित अनुगमन नहुँदा मनपरी



**पाल्पा,** साउन ८/जिल्लाको तानसेनमा सञ्चालित औषधि पसलहरुमा अनुगमन गरिएको छ । जिल्ला प्रशासन कार्यालय पाल्पाको आयोजनामा जिल्ला स्वास्थ्य कार्यलय, घरेलु तथा साना उद्योग कार्यालयको समन्वयमा र औषधी व्यवसायी संघ, तानसेन नगरपालिका, पत्रकार महासंघ, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिहरुको उपस्थीतमा औषधि पसलहरुको अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा तानसेनका अधिकाशं औषधी पसलहरुमा म्याद गुज्रिएका औषधि राखिएको, पसलहरुमा सजाएर राखिने औषधीहरुमा धूलो, मइलो लागेको, पसलहरु दर्ता नभएको, ल्याव टेस्टका दर, मूल्य सूची नराखी मनपरी रुपमा औषधीको विक्रि गर्दै आएको, नविकरण नगरिएको, बिना इजाजत प्रयोगशाला सञ्चालन गरेको, मिति नाघेका औषधिको विल बनाउँदा स्पष्ट नलेखेको पाइएको छ ।टोलीले तानसेनको शित्तलपाटी, सिल्खानटोल विशालबजार, बसपार्क लगायतका २० वटा औषधि पसलहरुमा अनुगमन गरेको थियो । तानसेनमा एक वर्षदेखि बजारमा औषधिको अनुगमन हुन सकेको थिएन् । बजार अनुगमन नियमित नहुँदा बजारमा औषधि जन्य सामानको मुल्य मनपरी लिएको, म्याद गुज्रिएका औषधि विक्री गर्ने गरेको पाइन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशैभरका फार्मेसीको अनुगमन गर्न निर्देशन गरेसँगै तानसेनमा पनि सोमबार अनुगमन गरिएको हो । औषधि र औषधिजन्य वस्तुको सहीरुपमा उपभोगका साथै फार्मेसीबाट बिक्री वितरण हुने औषधिको गुणस्तरबारे जानकारी लिन मन्त्रालयले अनुगमनलाई अगाडि बढाइएको छ । औषधि व्यवस्था विभागले फार्मेसीको प्रभावकारी अनुगमन गरी प्रक्रिया नपुर्‍याइ सञ्चालन भएका, म्याद गुज्रिएका औषधि बिक्री वितरण गरेको पाइएमा कडा कारवाही गरिने जनाएको छ । देशभरका फार्मेसीको अनुगमनका लागि ७७ वटै जिल्लामा अनुगमन संयन्त्र बनाइएको र यसले निरन्तर अनुगमन गर्ने मन्त्रालयको भनाइ छ ।

*-अनिल लिगलबाट*

# छत्रकोट पोषणमैत्री स्वास्थ्य...

...स्वास्थ्य शाखा प्रमुख श्यामसुन्दर पोखेलले गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको बताउँदै ८ वटा स्वास्थ्य इकाइ स्थापना गरिएको उल्लेख गरे । स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविका तथा जनप्रतिनिधिको सहयोगले गाउँपालिकालाई पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा गर्न सफल भएको उनले बताए । कार्यक्रममा स्वास्थ्यचौकीहरूलाई पोषणमैत्री स्वास्थ्य संस्थायुक्त बनाउन सफल प्रत्येक स्वास्थ्यचौकी व्यवस्थापन समिति र कर्मचारीहरूलाई सम्मान गरिएको थियो । सरकारले अवलम्बन गरेको पोषण विशेष कार्यक्रमहरूको व्यवस्थित सञ्चालन, नियमित पाँच वर्षमुनिका बच्चाहरूको तौल अनुगमन, गर्भवती महिलालाई आइरन, अलबिन्डाजोल वितरण, सुत्केरी आमालाई भिटामिन 'ए' वितरण, गर्भावस्था सुरु भएपछि फोलिक एसिड र क्याल्सियम वितरण, नियमित रूपमा पोषण परामर्शजस्ता कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुनले जानकारी दिए । छत्रकोटसँगै जिल्लाका तीन स्थानीय तह पोषणमैत्री स्वास्थ्य संस्थायुक्त घोषणा भएका छन् । नेपालमै पहिलोपटक गुल्मी दरबार गाउँपालिका पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा भएको थियो । धुर्कोट गाउँपालिका पनि पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणा भइसकेको छ ।

**तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पाको प्रविणता प्रमाणपत्र तह ल्याव संकायमा ०८०/८१ को नयाँ भर्ना सम्बन्धी मिति २०८० आषाढ ३० गते प्रकाशित सूचनामा तपसिल अनुसारका कोटाहरु हुनुपर्नेमा अन्यथ भएकोले सच्च्याइएको छ ।**

| क.सं. | कोटाको किसिम | विद्यार्थी सख्यामा |
|---|---|---|
| १. | खुल्ला प्रतिस्पर्धाबाट | २ |
| २ | टि एस एल सी कोटा | १० |
| ३. | पुर्ण शुल्किय लक्षितवर्ग कोटा | ३ |
| ४. | बर्गिकृत छात्रवृत्ति कोटा | २ |
| ५. | तानसेन मिशन अस्पतालबाट | २ |
| ६. | तानसेन नगरपालिकाबाट | ८ |
| ७. | सांझेदार संस्थाहरु मध्येबाट | |
| | तानसेन स्कूल अफ हेल्थ साईन्सबाट | १ |
| | प्रा.शि.तथा व्या.ता. परिषदका कर्मचारी/कर्मचारी परिवारबाट | १ |
| | UMN बाट | १ |

**तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पाको प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग संकायमा ०८०/८१ को नयाँ भर्ना सम्बन्धी मिति २०८० आषाढ ३० गते प्रकाशित सूचनामा तपसिल अनुसारका कोटाहरु हुनुपर्नेमा अन्यथा भएकोले सच्च्याइएको छ ।**

सिट संख्या : ४० जना

| क.स | कोटाको किसिम | विद्यार्थी सख्यामा | |
|---|---|---|---|
| | | महिला | पुरुष |
| १ | खुल्ला प्रतिस्पर्धा महिला | ११ | |
| २ | वर्गिकृत छात्रवृत्ति महिला | ३ | |
| ३ | पुर्ण शुल्किय लक्षितवर्ग कोटा महिला | ४ | |
| ४ | खुल्ला प्रतिस्पर्धा पुरुष | | ६ |
| ५ | तानसेन नगरपालिकाबाट महिला | ९ | |
| ६ | सांझेदार संस्थाहरुमध्येबाट | | |
| | • यू एम.एन.बाट महिला | १ | |
| | • प्रा.शि.तथा व्या.ता. परिषदका कर्मचारी /कर्मचारी परिवारबाट महिला | १ | |
| ७ | तानसेन स्कूल अफ हेल्थ साईन्सबाट महिला | १ | |
| ८ | टि एस एल सी कोटा | ३ | |
| | टि एस एल सी कोटा (तानसेन मिशन अस्पतालबाट) | १ | |

खेलकुद समाचार

# नेपालले पहिलो खेल बंगलादेशसँग खेल्ने



**काठमाडौं,** साउन ८/आगामी सेप्टेम्बर १ देखि १० सम्म भुटानमा आयोजना हुने साफ यू-१६ च्याम्पियनसिपमा नेपालले पहिलो खेल बंगलादेशसँग खेल्ने भएको छ ।

अखिल नेपाल फुटबल संघ एन्फाले सोमबार जारी गरेको खेल तालिका अनुसार समूह ए मा रहेको नेपालले पहिलो खेल बंगलादेशसँग सेप्टेम्बर ३ मा खेल्नेछ । खेल थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा हुनेछ । यस्तै नेपालले समूहको अर्को खेल भारतसँग सेप्टेम्बर ५ मा खेल्नेछ । भुटान, माल्दिभ्स र पाकिस्तान समूह बी मा छन् । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् । दुवै सेमिफाइनल खेल सेप्टेम्बर ७ र फाइनल खेल सेप्टेम्बर १० मा हुनेछ ।

अहिलेसम्म साफ यू-१६ च्याम्पियनसिसप ७ पटक हुँदा नेपालले उपाधि जित्न सकेको छैन । चार पटक फाइनल पुगेको भारत चारै पटक भारतसँग पराजित हुँदै उपविजेता बनेको थियो । नेपाल एक पटक तेस्रो र एक पटक चौथो भएको थियो । एक पटक भने नेपाल संयुक्त रुपमा तेस्रो भएको थियो । गत वर्ष श्रीलंकामा भएको च्याम्पियनसिपमा नेपाल फाइनलमा भारतसँग ४-० ले पराजित हुँदै उपविजेता बनेको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

कर्पोरेट/अर्थ समाचार

# तम्घासमा एचए र फिजोयोथेरापी कार्यक्रम सुरु




**गुल्मी,** साउन ८/जिल्लाको सदरमुकाम रहेको तम्घास टेक्निकल शिक्षालयमा प्रमाणतहको एचए र फिजियोथेरापी ३ वर्षे कार्यक्रम सञ्चालन हुने भएको छ । शैक्षिक सत्र २०८०/०८१ मा प्रमाण पत्र तह सामान्य चिकित्सा, हेल्थ एसिस्टेन्ट एचए र प्रमाण पत्र तह फिजियोथेरापी ३ बर्ष कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेसँगै सो कार्यक्रम सञ्चालन हुने भएको हो ।

कार्यक्रमका लागि भर्ना खुला गरिएको शिक्षालयका अध्यक्ष शेरबहादुर थापाले बताए । विगत ३ वर्षदेखि स्तरोन्नति गर्ने क्रममा शिक्षालय बन्द रहेको थियो । २५ वर्ष देखि यस शिक्षालयमा अनमी तथा सिएमए कार्यक्रम सञ्चालन रहेको थियो । यहाँ अध्ययनका लागि रोल्पा, डोल्पा, मुगु, जुम्ला लगायतका जिल्लाबाट समेत विद्यार्थी आउने गर्दछन् । यो शिक्षालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिभिटीबाट मान्यता प्राप्त टेक्निकल शिक्षालय हो । शिक्षालयबाट उत्पादित करिब ६० प्रतिशत जनशक्ति सरकारी सेवामा आवद्ध रहेका छन् । ३० प्रतिशत विद्यार्थी नीजि क्षेत्रमा कार्यरत रहेको शिक्षालयले जनाएको छ । उत्पादित जनशक्ति हाल जिल्लाको पालिका तथा हेल्थ पोष्टहरुमा स्वास्थ्य संयोजक तथा कार्यालय प्रमुखको रुपमा सेवारत रहेको अध्यक्ष थापाले बताए । शिक्षालयबाट तीन हजार बढी जनशक्ति तयार गरिसकिएको उनले दावी गरे ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई